## ५६ औं कार्यपालिका बैठक २०८२।०५।०३

प्रस्ताव नं.१ कर्मचारी व्यवस्थापन/कार्यसम्पादन सम्बन्धमा ।

निर्णय नं. १ प्रस्ताव नं.१ माथी छलफल गर्दा आगामी आ.व. ०८२।०८३ का लागि यस नगरपालिकाको कर्मचारी व्यवस्थापन सम्बन्धमा तपसिल बमोजिम गर्ने निर्णय गरियो ।

क) यस नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M), २०८१ आ.व. ०८१/०८२ मा स्वीकृत संगठन संचरना र दरबन्दि तेरिज नै आ.व. ०८२/०८३ का लागि समेत कायम राख्ने ।

ख) यस नगरपालिका अन्तर्गत करारमा कार्यरत कर्मचारी सशर्त कार्यक्रम अन्तर्गत यस अघी करारमा रहेका कर्मचारीलाई अर्को व्यवस्था नभए सम्मका लागि सम्झौतामा उल्लेखित सेवा सुविधा उपलब्ध हुने गरी आगामी आ.व. ०८२/०८३ का लागि करार अवधि थप गर्ने ।

ग) नेपाल सरकारको स्वीकृत कार्यक्रम तथा आयोजना अन्तर्गत यस नगरपालिकामा आवश्यक प्रक्रिया पुरा गरी संचालित कार्यक्रम तथा आयोजना अन्तर्गत करारमा कार्यरत ११० जना कर्मचारीहरुको अर्को व्यवस्था नभए सम्म करार सेवालाई आ.व. ०८२/०८३ मा निरन्तरता प्रदान गर्ने ।

घ) यस कार्यालयमा माशिक ज्यालादारीमा कार्यरत सरसफाई कर्मीहरु तथा पार्कमा कार्यरत पार्कसफाई कर्मिहरु र मानवमलमुत्र प्रशोधन केन्द्रमा रहेका श्रेणी विहिन कर्मचारीहरु एवं वडा कार्यालयमा कार्यरत दक्ष जनशक्तीका रुपमा कार्यरत समेत गरि ४३ जना जना श्रेणीविहिन कर्मचारीहरुलाई स्वीकृत नगर दररेट अनुसार सेवा सुविधा पाउने गरि अर्को व्यवस्था नहुन्जेल चालु आ.व.मा समेत निरन्तरता दिने । साथै सव ईन्जिनियर पदमा कार्यरत रही कन्टेन्जेन्सी रकमवाट पारिश्रमिक पाउने गरी आ.व.२०८१।०८२ मा कार्यरत १ जना प्राविधिक कर्मचारीलाई कामको चाँपको आधारमा चालु आ.व.२०८२।०८३ मा साविक कै सेवा सुविधा पाउने गरि २०८३ असार मसान्त सम्मका लागी म्याद थप गर्ने ।

ङ) यस टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा कार्यरत सवारी चालक, नगर प्रहरी तथा दमकलमा कार्यरत कर्मचारीहरुलाई विगत देखि उपलब्ध गराउँदै आएको राशन भत्तालाई निरन्तरता दिदै आगामी आ.व. ०८२/०८३ मा १७ औं नगरसभाको निर्णयानुसार राशन भत्ता उपलब्ध गराउने ।

च) यस टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा कार्यरत चौकीदार कर्मचारीहरुलाई यस कार्यालयको पालोपहरा गर्दा सार्वजनिक विदाका दिनमा पालोपहरा गरेवापत दैनिक खाजा भत्ता रु.३००।– (तिन सय मात्र) उपलब्ध गराउने साथै वडादशैं तथा दिपावलीको अवसरमा पालोपहरामा रहने कर्मचारीलाई पनि उक्त सुविधा उपलब्ध गराउने ।

ज) टीकापुर नगरपालिका अन्तर्गत सरसफाई शाखा तथा टीकापुर पार्क व्यवस्थापन उपशाखामा कार्यरत प्रमुखले सार्वजनि विदाका दिन वा अन्य दिनमा समेत अतिरिक्त समय खटीई काम गर्नु पर्ने भएको हुँदा अर्को व्यवस्था नभए सम्मका लागि टीकापुर नगरपालिकाको कार्य संचालन निर्देशिका, २०७८ को परिच्छेद ३ को दफा ५ (ख) अनुसार चिया खाजा खर्च उपलब्ध गराउँदै आएकोमा अन्य प्रशासनिक कर्मचारी थप गर्दा कार्यालयलाई उत्तरदायित्व सृजना हुन जाने देखिएकोले अर्को व्यवस्था नभए सम्मका लागि आगामी आ.व.०८२/०८३ मा समेत निरन्तरता प्रदान गर्ने ।

झ) यस नगरपालिकाको स्वीकृत स्थायी र अस्थायी दरबन्दि अन्तर्गत रही करार सेवामा, मासिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुले हाल प्राप्त गर्दै आएको / खाईपाई आएको मासिक पारिश्रमिक

प्रमाणित
५।०३
प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

स्वीकृत नगर दररेट भन्दा न्यून हुने भएमा आ.व. ०८२/०८३ का लागि स्वीकृत नगर दररेट बमोजिम मिलान गरी कायम गर्ने र अन्य सेवा सुविधा साविक बमोजिम नै कायम गर्ने ।

ञ) यस कार्यालयमा विभिन्न पद/तहमा कार्यरत अस्थायी, करारमा कार्यरत कर्मचारीहरुलाई चालु आ.व.२०८२।०८३ का लागि नेपाल सरकारले तोके बमोजिमको महंगी भत्ता ले प्रदान गर्ने ।

प्रस्ताव नं.२ भुमिहिन दलित तथा भुमिहिन सुकुम्वासीहरुको तिन पुस्ते जग्गा एकिन सम्बन्धमा ।

निर्णय नं.२ प्रस्ताव नं.१ माथी छलफल गर्दा यस नगरपालिका वडा नं.१ मा रहेका भुमिहिन दलित तथा भुमिहिन सुकुम्वासीहरुको तिन पुस्ते जग्गा एकिन गर्न भुमिहिन दलित तथा भुमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणिकरण को आधार र मापदण्ड, २०८१ बुँदा नं. ४ को २ (ग) को व्यवस्थानुसार यस नगरपालिका क्षेत्रका ९३५ परिवार भुमिहिन दलित र १३११ भुमिहिन सुकुम्वासी गरी जम्मा २२४६ जना सुकुम्वासीहरुको तिन पुस्ते जग्गा एकिनका लागी श्री भूमि समस्या समाधान आयोग, जिल्ला समिति, कैलालीलाई अनुरोध गरि पठाउने निर्णय गरियो ।

प्रस्ताव नं.३ आन्तरिक राजश्व ठेक्का व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं.३ प्रस्ताव नं.३ माथी छलफल गर्दा टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको ठेक्का नं. TMO/NCB/04/2079/080 (**पशु हाट बजारमा पशु चौपाया खरिद तथा बिक्री सम्बन्धी ठेक्का**) को ठेकेदार पक्ष कालिका बिल्डर्स, टीकापुर न.पा.-१, कैलालीले उक्त ठेक्का सम्झौता बमोजिम तेस्रो किस्ता बापत जम्मा गर्नुपर्ने रु.३१,४५,९२०।- निजले पेश गरेको बैंक जमानत पत्रबाट असुल उपर भई मिति २०८२।०३।३२ गतेका दिन यस नगरपालिकाको आन्तरिक राजस्व खातामा जम्मा भएकोमा उक्त रकम मध्ये मू.अ.कर बापतको रकम **रु.३,६१,९२०।-** (अक्षरुपि तीन लाख एकसट्ठी हजार नौ सय बिस मात्र) आन्तरिक राजश्व कार्यालयको सम्बन्धित खातामा जम्मा गर्नुपर्ने भएकोले सो रकम आन्तरिक स्रोतबाट जम्मा गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ (ख)** प्रस्ताव नं. **३ (ख)** माथि छलफल गर्दा टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको ठेक्का नं. TMO/NCB/61/2081/082 (**टीकापुर बसपार्क, सत्ती बसपार्क, सिटी बसपार्क सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ठेक्का**) को आ.व.२०८२।८३ देखि आ.व.२०८४/८५ सम्म तीन वर्षका लागि मू.अ.कर सहित रु.६९,४९,५०५।६५ मा ठेक्का बन्दोबस्त भएकोमा उक्त ठेक्काको ठेकेदार पक्ष शुसिक्षा कन्स्ट्रक्सन, बेलौरी न.पा.-६, कञ्चनपुरले ठेक्का सम्झौता गर्दा मू.अ.कर सहितको कूल ठेक्का कबोल रकम यस नगरपालिकाको आन्तरिक राजस्व खातामा जम्मा गरेको हुँदा उक्त रकम मध्ये मू.अ.कर बापतको रकम **रु.७,९९,५००।६५** (अक्षरुपि सात लाख उनान्सय हजार पाँच सय र पैसा पैसट्ठी मात्र) आन्तरिक राजश्व कार्यालयको सम्बन्धित खातामा जम्मा गर्नुपर्ने भएकोले सो रकम आन्तरिक स्रोतबाट जम्मा गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.४ आन्तरिक राजस्व सम्बन्धी ठेक्का व्यवस्थापन र अन्य विविध विषय सम्बन्धमा ।**

**निर्णय नं.४** प्रस्ताव नं.४ माथि छलफल गर्दा यस टीकापुर नगरपालिकाको आन्तरिक राजस्व सम्बन्धी विभिन्न विषयका ठेक्का व्यवस्थापन र आन्तरिक राजस्व सम्बन्धी अन्य विषयमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

(क) टीकापुर नगरपालिकाको आन्तरिक राजस्वको स्रोतको रुपमा रहेका निम्न बमोजिमको ठेक्का व्यवस्थापन वा राजस्व संकलन गर्ने सम्बन्धमा देहाय बमोजिम गर्ने :

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

रामलाल डगौरा थारु
नगर प्रमुख

| क्र. सं. | विवरण | निर्णय |
|---|---|---|
| १ | दौलतपुर घाट उत्तराही ठेक्का, टी.न.पा.-५ | न्यूनतम ठेक्का अंक मू.अ.कर सहित रु.१,५०,०००।- (एक लाख पचास हजार मात्र) कायम गरी २०८३ असार मसान्तसम्मको लागि टीकापुर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १३८ को उपनियम (४) को खण्ड (ग) बमोजिम वार्ता प्रक्रियाद्वारा ठेक्का बन्दोबस्त गर्ने । |
| २ | टिउनी सनकट्टी घाट उत्तराही ठेक्का, टी.न.पा.-२ | न्यूनतम ठेक्का अंक मू.अ.कर सहित रु.१,५०,०००।- (एक लाख पचास हजार मात्र) कायम गरी २०८३ असार मसान्तसम्मको लागि टीकापुर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १३८ को उपनियम (४) को खण्ड (ग) बमोजिम वार्ता प्रक्रियाद्वारा ठेक्का बन्दोबस्त गर्ने । |
| ३ | ओजुवा ताल संरक्षण तथा माछापालन सम्बन्धी ठेक्का, टी.न.पा.-७ | टीकापुर नगरपालिकाको आर्थिक ऐन, २०८२ को दफा १३ संग सम्बन्धित अनुसूची-११(५) मा तोकिएको ३ वर्षको एकमुस्ट न्यूनतम ठेक्का अंक मू.अ.कर बाहेक रु.१,५५,५००।- (एक लाख पचपन्न हजार पाँच सय मात्र) को आधारमा ठेक्का बन्दोबस्त गर्ने । |
| ४ | टीकापुर बंगला पार्कमा रहेको आँप कटहर तथा लिचीको फलफूल बगैंचा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ठेक्का, टी.न.पा.-५ | टीकापुर नगरपालिकाको आर्थिक ऐन, २०८२ को दफा १३ संग सम्बन्धित अनुसूची-११(५) मा तोकिएको न्यूनतम ठेक्का अंक मू.अ.कर बाहेक वार्षिक रु.२,००,०१०।- (दुई लाख दश मात्र) को आधारमा दुई वर्षको ठेक्का अवधि कायम गरी टीकापुर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १३८ को उपनियम (४) को खण्ड (ग) बमोजिम वार्ता प्रक्रियाद्वारा ठेक्का बन्दोबस्त गर्ने । |
| ५ | कृषि हाट बजार सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ठेक्का, टी.न.पा.-१, बल्क नं.११ र टी.न.पा.-७, सत्ती | टीकापुर नगरपालिकाको आर्थिक ऐन, २०८२ को दफा १३ संग सम्बन्धित अनुसूची-११(५) मा तोकिएको न्यूनतम ठेक्का अंक मू.अ.कर बाहेक वार्षिक रु.५,००,०००।- (पाँच लाख मात्र) को आधारमा एक वर्षको ठेक्का अवधि कायम गरी ठेक्का बन्दोबस्त गर्ने । |
| ६ | घण्टाघर सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ठेक्का, टी.न.पा.-१, बल्क नं.१९ | टीकापुर नगरपालिकाको आर्थिक ऐन, २०८२ को दफा १३ संग सम्बन्धित अनुसूची-११(५) मा तोकिएको न्यूनतम ठेक्का अंक मू.अ.कर बाहेक वार्षिक रु.२,४०,०००।- (दुई लाख चालिस हजार मात्र) को आधारमा एक वर्षको ठेक्का अवधि कायम गरी टीकापुर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १३८ को उपनियम (४) को खण्ड (ग) बमोजिम वार्ता प्रक्रियाद्वारा ठेक्का बन्दोबस्त गर्ने । |
| ७ | बाँयोग्यास प्लान्टबाट उत्पादन भएको ग्याँस बिक्री वितरण, टी.न.पा.-२ | आवश्यक कार्यविधि तयार गर्ने । |

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डंगौरा थारु
नगर प्रमुख

| | | |
|---|---|---|
| ८ | गोल घर (इन्डोर मार्केट) मा रहेको कोठा (सटर) को बहाल ठेक्का, टी.न.पा.-१, बल्क नं.ए | टीकापुर नगरपालिकाको आर्थिक ऐन, २०८२ को दफा १४ संग सम्बन्धित अनुसूची-१२(घ) मा तोकिएको घर बहाल कर सहितको न्यूनतम मासिक बहाल रकमको आधारमा पाँच वर्षको ठेक्का अवधि कायम गरी गोल घर (इन्डोर मार्केट) मा रहेको कोठा नं.४, ५, ८ र ९ बाहेकका अन्य कोठाको ठेक्का बन्दोबस्त गर्ने । |
| ९ | टीकापुर वाटीकाको पूर्वतर्फ रहेको भवनमा रहेको कोठा (सटर) को बहाल ठेक्का, टी.न.पा.-१, बल्क नं.ए | टीकापुर नगरपालिकाको आर्थिक ऐन, २०८२ को दफा १४ संग सम्बन्धित अनुसूची-१२(घ) मा तोकिएको घर बहाल कर सहितको न्यूनतम मासिक बहाल रकमको आधारमा तीन वर्षको ठेक्का अवधि कायम गरी ठेक्का बन्दोबस्त गर्ने । |
| १० | र्याफ्टिङ्ग व्यवसाय (जेट्स्की डोनड राईड/ मोटर बोट/ र्याफ्टिङ्ग बोट सञ्चालन अनुमति प्रदान | प्रचलित कानून बमोजिम र्याफ्टिङ्ग व्यवसाय सञ्चालन गर्नका लागि इजाजत प्राप्त फर्म/संस्थाले टीकापुर नगरपालिका क्षेत्र भएर बहने कर्णाली नदीमा जेट्स्की डोनड राईड/ मोटर बोट/ र्याफ्टिङ्ग बोट आदि सञ्चालनका लागि अनुमति माग गरेमा कम्तिमा पनि मासिक रुपमा टीकापुर नगरपालिकाको आर्थिक ऐन, २०८२ को दफा १२ संग सम्बन्धित अनुसूची-१० (१) मा तोकिए बमोजिमको दरले व्यवसाय सञ्चालन शुल्क अग्रिम दाखिला गर्न लगाई नगर कार्यपालिकाको कार्यालयले सर्त तोकि अनुमति प्रदान गर्न सक्ने । |
| ११ | बहाल बिटौरी कर संकलन | नगर कार्यपालिकाको कार्यालयबाट अनुमति लिई सार्वजनिक आवागमनमा अवरोध नहुने गरी मेला/ चाडपर्वको अवसरमा मात्र वा अन्य समयमा समेत नगरपालिका क्षेत्रभित्रको विभिन्न स्थानमा ठेलामा सामान राखी वा अन्य तवरले अस्थायी पसल राखि व्यवसाय गरेमा नगर प्रहरी परिचालन गरी सम्बन्धित व्यक्तिबाट टीकापुर नगरपालिकाको आर्थिक ऐन, २०८२ को दफा १० संग सम्बन्धित अनुसूची-८ (क) मा तोकिए बमोजिमको दरमा बहाल बिटौरी कर संकलन गर्ने व्यवस्था मिलाउने । |
| १२ | नियमन सम्बन्धी दण्ड जरिवाना | पार्किङ्ग निषेधित क्षेत्रमा राखिएका सवारी साधन/ छाडा पशु चौपाया/ अनुमति बिना वा व्यापार निषेधित क्षेत्रमा वा बजार क्षेत्रको सार्वजनिक स्थानमा ठेला राखी सार्वजनिक आवागमनमा बाधा पुग्ने गरी व्यवसाय गर्ने तथा अन्य यस्तै प्रकारको नियमन सम्बन्धी कार्यमा नगर प्रहरी परिचालन गरी सम्बन्धित व्यक्ति/ फर्म/ संस्थाबाट टीकापुर नगरपालिकाको आर्थिक ऐन, २०८२ मा तोकिए बमोजिम प्रशासनिक दण्ड जरिवाना असुल गर्ने व्यवस्था मिलाउने । |

(ख) टीकापुर नगरपालिकाको आन्तरिक राजस्वको मुख्य स्रोतको रुपमा रहेको सपिङ्ग कम्पलेक्स भवन, टीकापुर वाटीकाको पूर्व र पश्चिम तर्फ रहेको भवन, गोलघर (इन्डोर मार्केट) जस्ता बहालमा लगाइएका भवनहरु, घण्टाघर, टीकापुर बसपार्क, पशु हाटबजार स्थल र ब्लक नं.११ स्थित कृषि हाट बजार स्थलमा रहेका भौतिक संरचनाको मर्मत संभार र शौचालय/ खानेपानी/ बिजुली बत्ती आदि जस्ता अत्यावश्यक

प्रमाणित ... प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली ... नेपाल

...मलाल डगौरा थारु ... नगर प्रमुख

सुविधाको उचित व्यवस्थापन गर्नका लागि प्राविधिक कर्मचारी खटाई लागत अनुमान तयार गर्ने र सो को आधारमा आवश्यक मर्मत संभार वा निर्माण कार्य अगाडि बढाउने ।

(ग) सार्वजनिक विदाको दिन वा कार्यालय समय भन्दा अतिरिक्त समयमा समेत कर्मचारी परिचालन गरी गत विगतमा निर्माण सम्पन्न प्रमाण पत्र प्राप्त गरेका वा अभिलेखिकरण भएका भवनको विवरण सम्पत्ति कर सम्बन्धी सफ्टवेयरमा प्रविष्टि गर्ने, सम्पत्ति कर संकलन गर्ने प्रयोजनका लागि साविकमा प्रयोग भई रहेको सफ्टवेयरबाट बक्यौता रकम एकिन गरी सो को अद्यावधिक विवरण तयार पार्ने र सुत्र (राजस्व मोड्युल) मा प्रबिष्टी गर्ने व्यवस्था मिलाउने र सो कार्य गरे बापत सम्बन्धित कर्मचारीलाई चालु आ.व.२०८२/८३ को लागि प्रशासनिक चालु खर्च तर्फ अन्य भत्ता शिर्षकमा विनियोजित बजेटबाट खर्च लेखिने गरी निम्नानुसारको दरमा अतिरिक्त समय भत्ता उपलब्ध गराउने ।

| क्र.सं. | कामको विवरण | प्रति फाइल/ करदाता रु. |
|---|---|---|
| १ | भवन वा भौतिक संरचनाको विवरण साविकको सफ्टवेयरमा प्रबिष्टी गरी बक्यौता रकम एकिन गर्ने । | ४०।- (चालिस मात्र) |
| २ | सुत्र (राजस्व मोड्युल) मा करदाता कोड सिर्जना गरी वा पहिचान गरी सम्बन्धित करदाताको जग्गाको विवरण, भवन वा भौतिक संरचनाको विवरण र साविकको सफ्टवेयरबाट देखिएको बक्यौता रकम सुत्र सफ्टवेयरमा प्रविष्टी गर्ने । | ६०।- (साठि मात्र) |

प्रस्ताव नं.५ योजना तथा कार्यक्रम अ.ल्या.सम्बन्धमा ।

निर्णय नं.५ (क) प्रस्ताव नं.५ माथी छलफल गर्दा यस आ.व. २०८१/०८२ को वार्षिक कार्यक्रममा रहेका र केही कार्यान्वयनमा गई अधुरा रहेका र केही विविध कारणले कार्यान्वयन हुन नसकेका योजनाहरु कार्यान्वयन गर्ने साथै उक्त योजना तथा कार्यक्रम आ.व. २०८१/०८२ को बचत हुनआउने रकमबाट भुक्तानी दिने र म्याद समाप्त भएका योजनाहरुको २०८२ पौष मसान्त सम्म नियमानुसार म्याद थप निर्णय गरियो ।

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

| क्र.सं. | आयोजना नमा र योजना | आयोजना स्थल | ठेक्का नं. | निर्माणव्यसायी को नाम र ठेगाना | विनियोजित रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सुर्यपुर देखि वडा कार्यालय हुँदै खक्रौला जोड्ने बाटो कालोपत्रे निर्माण (नाली निर्माणको लागि प्लम कंक्रिट निर्माण ) | टीकापुर-८ | TMO/NCB/32/ROAD/2081/082 | हिडा कन्स्ट्रक्सन ,अछाम | ३१६०५७०.९५ | |
| २ | टिकापुर नगरपालिका वडा नं ४ स्थित बढघर घर निर्माण आयोजना | टीकापुर-४ | TMO/NCB/42/BUILD/2080/81 | श्री ओम निर्माण सेवा ,धनगढी -३ ,कैलाली | ११६४१०६.८६ | |
| ३ | टिकापुर नगरपालिका वडा नं ५ स्थित बढघर घर निर्माण आयोजना | टीकापुर-५,बसन्ता | TMO/NCB/42/BUILD/2080/81 | श्री ओम निर्माण सेवा ,धनगढी -३ ,कैलाली | ७५०५११.३ | |
| ४ | कर्भड हल निर्माण आयोजना | टीकापुर-१ | TMO/NCB/19/BUILD/2081/082 | श्री शाश्वत / सितारा / स्यारोना जे.भि. | ३२५६७२८५.०३ | |
| ५ | गोपालको घर देखि शिव मन्दिर हुदै बाबुराम चौधरीको घर सम्म र गर्भाको घर हुदै सेती मैया स्कुल सम्म, रोहनीबोझी, सर्पराजको घर देखि दहित सरको घर सम्म कालोपत्रे निर्माण आयोजना | टीकापुर-९ | TMO/NCB/21/ROAD/2081/082 | श्री ओम निर्माण सेवा, धनगढी कैलाली | ३३९३४१३.९१ | |
| ६ | बसन्ता देखि पहाडिपुर जाने बाटो सम्म र मनिकापुर देखि खक्रौला रोड जाने बाटो कालोपत्रे निर्माण आयोजना | टीकापुर-५,बसन्ता | TMO/NCB/30/ROAD/2081/082 | श्री आर पि कन्स्ट्रक्सन,टीकापुर कैलाली | १४९९२८८.२६ | |
| ७ | सितापुर स्कुल देखि गौशला जाने बाटो स्तरोन्नती तथा खोप केन्द्र निर्माण | टीकापुर-२ | TMO/SQ/69/WORKS/2081/082 | श्री शुभ ग्रुप काल भैरव कन्सट्रक्सन प्रा लि., लम्की चुहा कैलाली | १०७७२४४.२७ | |

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | सानो झुगामा अधुरो ढल निकास निर्माण आयोजना | टीकापुर-९ | TMO/SQ/70/ WORKS/2081/082 | श्री शुभ ग्रुप काल भैरव कन्स्ट्रक्सन प्रा लि., लम्की चुहा कैलाली | ११७७९७४.६६ | |
| ९ | पदमप्रकाशेश्वर मन्दिर देखी महादेव टोल हुदै वडा नं ६ सिम्रेनी जोड्ने बाटो पक्की ढल सहित कालोपत्रे आयोजना | टीकापुर-७ | TMO/NCB/39/ROAD/2081/082 | श्री आशिष कन्स्ट्रकस एंड कन्सर्न ,टिकापुर ,कैलाली | १८८१७३५.१८ | |
| १० | वडा नं ४ इन्द्रेया पिपल चौतारा देखि लक्षिनापुर् जाने बाटो कालोपत्रे आयोजना | टीकापुर-४ | TMO/NCB/36/ROAD/2081/82 | श्री हिडा कन्स्ट्रकसन ,मेल्लेख ,अछाम | २४३६०९५.५ | |
| ११ | दिब्यपुर् देखि प्रतिपुर हुदै हुलाकी सडक जोड्ने बाटो कालोपत्रे सडक आयोजना | टीकापुर-७ | TMO/NCB/27/ROAD/2081/082 | श्री बेटर लाईफ कन्स्ट्रकसन ,टिकापुर,कैलाली | १२७८९२४.७७ | |
| १२ | तिनकुने चोक देखि बगाले चौतारा हुदै ऐनसेल टावर सम्म जाने सडक कालोपत्रे आयोजना | टीकापुर-३ | TMO/NCB/26/ROAD/2081/082 | श्री साँउद बिल्डर्स प्रा.ली ,टिकापुर,कैलाली | २५२९०७२.९६ | |
| १३ | शहरी स्वास्थ्य प्रवर्धन केन्द्र सम्मको सडक तथा अन्य पूर्वाधार निर्माण | टीकापुर-१ | TMO/SQ/60/WORKS/2081/082 | श्री तोया कन्स्ट्रक्सन ,लम्की चुहा नगरपालिका ,वडा नं.१,लम्की,कैलाली | ८१९०५४.७८ | |
| १४ | ब्लक न. ५ नव जीवन एकता समाज देखि गुम्बा रोड सम्म, टीकापुर बसपार्क देखि पार्क जाने ओरालो बाटो निर्माण | टीकापुर-१ | TMO/SQ/69/ROAD/2081/082 | श्री अमिक्षा कन्स्ट्रक्सन ,प्रो. मिन बहादुर रावल ,टीकापुर नगरपालिका ,वडा नं.१,टीकापुर, कैलाली | ६६२९५९.४९ | |
| १५ | स्ट्रीट लाईट जडान कार्यक्रम ईलाका हुलाक कार्यालय देखि टीकापुर बसपार्क सम्मको मुख्य सडक) | टीकापुर-१ | TMO/NCB/59/WORKS/2081/082 | श्री ड्राईभ ईलेक्ट्रोनिक्स प्रा.लि.,काठमाडौं-१६,नयांबजार,काठमाड | ४१९६८६०.१७ | |

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | फुलबारी एफ.एम. हुंदैं ब्लक नं. २४ र २५ जाने कालोत्रि सडक , ब्लक नं. १४ बनगांउ जाने कुलोको कलभर्ट हुंदैं टीकापुर एयरपोर्ट जाने कालोपत्रे सडक ,लक्षीनापुर जाने कालोपत्रे सडक ,जमरापारी मेन्था हुंदैं पशुहाटबजार जाने कालोपत्रे सडक,बिरेन्द्र बिद्या मन्दिर बहुमुखी क्याम्स गेट अगाडीको कालोपत्रे सडक र सूर्यपुरबाट खक्रौला भन्सार जाने कालेपत्रे सडक मर्मत आयोजना | टीकापुर-१,३,४,६ र ८ | TMO/NCB/57/ROAD/2081/082 | निदिम निर्माण सेवा ,टीकापुर नगरपालिका वडा नं. १, टीकापुर, कैलाली | २५२३५४०.९३ | |
| १७ | बडघर घर निर्माण आयोजना | टीकापुर-३ | TMO/NCB/40/BUILD/2080/081 | श्री सेतो बाघ बिल्डर्स,टीकापुर कैलाली | २३४१७१०.२९ | |
| १८ | टीकापुर बृहत उद्यान बंगला पार्कको पूर्वाधार निर्माण तथा व्यवस्थापन कार्यक्रम आयोजना (पिकनिक स्थलमा ट्रस सेड भवन निर्माण,खानेपानी टंकी मर्मत,काठको पुल मर्मत,विरेन्द्र ऐश्वर्य बिश्राम बाटिका मर्मत,सौन्दर्यकरण कार्य,पिकनिक स्थल तथा सो स्थल जाने बाटोमा ग्राभेलिगं कार्य ,खानेपानी लाईन बिस्तार,विरेन्द्र बिश्राम बाटिकाको पानीको फोहरा मर्मत तथा हयूम पाईप कलभर्ट निर्माण ) | टीकापुर-५ | TMO/NCB/43/WORKS/2080/081 | श्री पियूष कन्स्ट्रक्सन,बारेकोट-८ जाजरकोट | १५८३८१८.० | |
| १९ | कैलाशेश्वर शिव मन्दिर निर्माण आयोजन (आ.व.२०८१/ ०८२ को सरिआएको रकम) | टीकापुर-१ | | | ५९०००००.० | |
| २० | टीकापुर पार्कमा मुलगेट मर्मत | टीकापुर-५ | | | १००००० | |
| २१ | मौरनिया स्तिथित खाकरौला सडक देखि वडा नं ५ पहाडीपुर जाने बाटोमा पर्ने ताल नजिक पर्खाल निर्माण | टीकापुर-४ | | | ५००००० | |
| २२ | ट्रयाक्टरको ट्रली निर्माण | न.पा. | | | ५००००० | |

प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २३ | वडा नं. ३ शंकरपुर टेकबहादुर बि.क. को घर नजिक घिया कुलोमा पक्कि डुड निर्माण | टीकापुर-३ | | | १००००० | |
| २४ | चार कोठे भवन निर्माण ,राष्ट्रिय माबी सुनाफाटा | टीकापुर-७ | बिद्यालय ब्यवस्थापन समिती | बिद्यालय ब्यवस्थापन समिती | १४२०१२२.३५ | |
| २५ | उज्जल सिंह भूलको घर देखि मसानघाट जाने बाटो,पुछरी पिच बाटो देखि लालबिर चौधरी को घरसम्म जाने बाटो ,गोल पिपल चौतारी देखि यज्ञ बि.क.को घरसम्म जाने बाटो ,कटानपुर बाबुराम चौधरीको घर देखि रिखराम बि.क.को घरसम्म जाने बाटो र कटानपुर पदम बि.क.को घर देखि शिवनारायण चौधरीको घर सम्म जाने बाटोमा माटो पत्नी तथा ग्रावेल कार्य | टीकापुर-३ | | | ६००००० | |
| २६ | कटानपुर जुहरीलाल चौधरीको घरदेखि खुसिराम चौधरीको घरसम्म जाने बाटो ,मिना चौधरीको पसल देखि हुकुमराजको घरसम्म जाने बाटो र भिम बि.क. को घरदेखि बरपिपल चौतारी जाने बाटो निर्माण कार्य, | टीकापुर-३ | | | ४००००० | |
| २७ | रंग अधिकारीको घर देखि रत्न प्रसाद सञ्जयालको घर हुदै जीत बहादुर बिष्टको घर सम्मको रीङ रोडमा माटो पटानी तथा ग्राभेल तथा कल्भर्ट निर्माण | टीकापुर-१,ब्लक १० | उपभोक्ता समिती | उपभोक्ता समिती | ३४५९०० | |
| २८ | ई.हाजिरी | | सूचना प्रविधि शाखा | | ५००००० | |
| २९ | वालवालिकाको वार्ड प्रोफाइल तथा लगानी योजना निर्माण कार्यक्रम | वडा नं २,३,४ | मलिला तथा वालविकाश शाखा | | ५००००० | |

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ३० | संग्रालय तथा रेष्टुरेन्ट भवन निर्माण | वडा न ५ नुक्लिपुर | | ठेक्का | ४२५०००० |
| ३१ | भानु चौधरीको घर देखि गोपाल चौधरीको घर सम्म ढल निकास | वडा न ९ | | उपभोक्ता | १०००००० |
| ३२ | भू-उपयोग (जग्गा वर्गीकरण) कार्य | वडा न १- ९ | कार्यालय | | १५००००० |
| ३३ | अर्थ फोटो संचालन सम्बन्धी तालिम | टीकापुर | कार्यालय | | २००००० |
| ३४ | बहुउद्देश्य सुरक्षीत भवनमा विधुत जडान | टीकापुर ७ | कार्यालय | विपद व्य कोष | १५००० |
| ३५ | Supply and Delivery of surgical Equipment to Tikapur Municipality Office Tikapur | टीकापुर १ | TMO/NCB/GOODS/51/2081/82 | काबिल हेल्थ टेक प्रालि नेपालगंज | २२८३६१७ |

निर्णय नं.५ (ख) प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व. २०८१|०८२ मा संघीय शसर्त ,विशेष तथा प्रदेश शसर्त , विशेष र समपुरक अनुदानबाट संचालित तपशिल बमोजिमका योजनाहरुको असार मशान्त सम्म म्याद रहेको र सोही अवधिमा समय अभाव तथा विविध कारणले कार्य सम्पन्न नभएका आयोजनाहरुको २०८२ पौष मसान्त सम्म म्याद थप गर्ने तथा उक्त आयोजनाहरुको भुक्तानी दिने श्रोत अभावका कारण आ. व .२०८२|८३ को ठेक्का प्रकियाबाट बचत रकमबाट २०८३ असार मसान्त सम्म भुक्तानी गर्ने निर्णय गरियो |

प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश

रामलाल डगौरा थारु
नगर प्रमुख

| क्र. सं. | आयोजना नमा र योजना | आयोजना स्थल | ठेक्का नं. | निर्मणब्यसायी को नाम र ठेगाना | विनियोजित रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आवास कार्यक्रम (दलित तथा जनजाती बस्तीमा आवास घर निर्माण ) आयोजना | टीकापुर-७ र ८,प्रतिपुर र बनगाउँ | TMO/NCB/28/ BUILD/2081 /082 | पशुपति-एल.बि.जे.भी धनगढी-७ कैलाली प्रो. श्री जंग बहादुर साउद | १४५७५८७०.०४ | |
| २ | जनयुद्ध तथा शहिद स्मृति पार्कको भौतिक पूर्वाधार निर्माण) टिकापुर नगरपालिका वडा नं.१,ब्लक नं. ५,स्थित खुला मैदान,टीकापुर ,कैलाली | टीकापुर-१,ब्लक नं. ५ | TMO/NCB/34/WORKS/2081/082 | श्री अस्मिता निर्माण सेवा , टीकापुर-१, कैलाली प्रो. नेत्र बहादुर रावल | ५१४२४७५.५२ | |
| ३ | टीकापुर नगरपालिका वडा नं १ स्थित मेन्था कम्पनी जिरो पोइन्ट देखी वनगाउ उत्तरपुरुवा - विचकापुरुवा वडा नं ३ रामपुर चौराहा हुदै वडा नं ४ हुदै ६ नं वडा हुदै जाने वाहिरी चक्रपथ निर्माण आयोजना , टीकापुर नगरपालिका वडा नं १,३,४ र ६ कैलाली | टीकापुर-३ | TMO/NCB/55/ROAD/ 2081/082 | श्री जयहनुमान निर्मा सेवा,टिकापुर ,कैलाली | ३७०२१३६.३५ | |
| ४ | डाडाबोझी देखि वडा नं ०९ को देजनपुर जोड्ने सडम कालोपत्रे निर्माण आयोजना, | टीकापुर-९ | TMO/NCB/38/ROAD/2081/082 | श्री बेटर लाईफ कन्स्ट्रक्सन,टीकापुर कैलाली | १७३८३२७.३९ | |

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | टीकापुर बृहत उद्यान (बंगला पार्क) को घेरा पर्खाल निर्माण तथा खानेपानी लाईन विस्तार | टीकापुर-५ | TMO/NCB/53/WORKS/2081/082 | श्री दिनेश बिल्डर्स एण्ड कन्ट्रयाक्टर्स प्रा लि. काठमाडौ | १२५३०२६.३२ | |
| ६ | जीवराज आश्रित पुस्तकालय भवन निर्माण निर्माण | टीकापुर-१ | TMO/NCB/56/BUILD./2081/082 | श्री अस्मिता निर्माण सेवा ,टीकापुर-१,कैलाली प्रो. नेत्र बहादुर रावल | १९५२२१८.६ | |

प्रस्ताव नं.६ नगर दररेट स्वीकृत सम्बन्धमा ।

निर्णय नं.६ प्रस्ताव नं.६ माथि छलफल गर्दा स्थानिय सरकार संञ्चालन ऐन २०७४,को दफा १३ अनुसार आ.व.२०८२/८३ को लागि नगरपालिका क्षेत्रभित्र निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री,कामदारको ज्याला, ढुवानी, घर भाडा, मेशिन तथा उपकरणको भाडा तथा महसुलका साथै, बायोइन्जिनियरिङ्गका सामान तथा पशुचौपाया लगायतका दररेट यस नगरपालिकाको नगर दररेट निर्धारण समितिबाट सिफारिस भए बमोजीम स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.७ त्रिभुवन मा.वि.टीकापुर-८ को गुरुयोजना स्वीकृत सम्बन्धमा ।

निर्णय नं.७ प्रस्ताव नं.७ माथि छलफल गर्दा श्री त्रिभुवन मा.वि.टीकापुर-८ को विधालय सुधारका लागि तयार भै स्वीकृतिका लागि पेश हुन आएको गुरुयोजना (२०८२-०८७ सम्म) स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.८ टीकापुर नगर विपद बीमा तथा राहत वितरण मापदण्ड, २०८२ स्वीकृत सम्बन्धमा ।

निर्णय नं.८ प्रस्ताव नं.८ माथी छलफल गर्दा यस नगरपालिका क्षेत्रमा वर्षेनी आइ पर्ने विपद जोखिमलाई न्यनिकरण गर्न र विपदमा परेका व्यक्तिलाई राहत उपलब्ध गराउन टीकापुर नगर विपद बीमा तथा राहत वितरण मापदण्ड, २०८२ स्वीकृत गरि कार्यान्वयमा ल्याउने निर्णय गरियो ।

प्रस्ताव नं.९ विभिन्न कार्यविधि स्वीकृत सम्बन्धमा ।

निर्णय नं.९ प्रस्ताव नं.९ माथी छलफल गर्दा टीकापुर नगरपालिकाको मुक्तकमैया तथा कमलहरी पुर्नस्थापना सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.१० चाडपर्व मनाउन रकम विनियोजन सम्बन्धमा ।

निर्णय नं.१० प्रस्ताव नं.१० माथि छलफल गर्दा निम्नानुसारका चाड पर्व तथा कार्यक्रमका लागी देहाय बमोजिम रकम उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.स. | कार्यक्रम तथा आयोजनाको नाम | रकम | श्रोत | कैफियत |
|---|---|---|---|---|
| ०१ | कमैया मुक्ति दिवस | १५,०००।- | स्थानीय दिवस, सभा, समारोह, उत्सव र सँस्कृति प्रवर्दन कार्यक्रम | |
| ०२ | गुरही पर्व | १५,०००।- | स्थानीय दिवस, सभा, समारोह, उत्सव र सँस्कृति प्रवर्दन कार्यक्रम | |

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ०३ | कृष्णजन्माष्टमी पर्व | ६००००।- | स्थानीय दिवस, सभा, समारोह, उत्सव र सँस्कृति प्रवर्दन कार्यक्रम | वडा नं.३,४,५,७,८ र ९ प्रत्येक वडा लाई रु.१०,०००।- हजारका दरले |
| ०४ | गणपति मेला | १०००००।- | स्थानीय दिवस, सभा, समारोह, उत्सव र सँस्कृति प्रवर्दन कार्यक्रम | वडा नं.१ का लागी रु.५००००।- र वडा नं.२ का लागी रु.२५०००।-, वडा नं.६ का लागी रु.२५०००।- |
| ०५ | हरितालिका तिज पर्व | १८००००।- | स्थानीय दिवस, सभा, समारोह, उत्सव र सँस्कृति प्रवर्दन कार्यक्रम | वडा नं.१ का लागी रु.६००००।- अन्य वडाहरुका लागी हरेक वडालाइ रु.१५०००।- का दरले उपलब्ध गराउने |
| ०६ | अनत्तर पर्व | १००००।- | स्थानीय दिवस, सभा, समारोह, उत्सव र सँस्कृति प्रवर्दन कार्यक्रम | |
| ०७ | घासे मेला | १०००००।- | साहित्य, कला र सँस्कृति संरक्षाण | वडा नं.८ |
| ०८ | बोल बंम धार्मिक कार्यक्रम | २५०००।- | साहित्य, कला र सँस्कृति संरक्षाण | टीकापुर न.पा.७ पदमपुर रु.१५०००।- र टीकापुर न.पा.३ रु.१००००।- |
| ०९ | थारु कल्याणकारिणी सभा | ४००००।- | स्थानीय दिवस, सभा, समारोह, उत्सव र सँस्कृति प्रवर्दन कार्यक्रम | |
| १० | ईन्द्रेणी सृजनशिल समाज | १०,०००।- | स्थानीय दिवस, सभा, समारोह, उत्सव र सँस्कृति प्रवर्दन कार्यक्रम | |
| ११. | पदम प्रकाशेश्वर मन्दिर सत्ति | १५०००।- | स्थानीय दिवस, सभा, समारोह, उत्सव र सँस्कृति प्रवर्दन कार्यक्रम | कृष्णाजन्माष्टमी कन्यापुजा |

प्रस्ताव नं.११ सामुदायिक पशु चौपाया स्थलमा पूर्वाधार निर्माण गर्ने सम्बन्धमा ।

निर्णय नं.११ प्रस्ताव नं.११ माथि छलफल गर्दा टीकापुर नगरपालिका र जानकी गांउपालिका बिच मिति २०८०।०९।२२ गते भएको सम्झौता बमोजीम जानकी गांउपालिका, गांउ कार्यपालिकाको कार्यालयबाट आ.व. २०८१/०८२ मा टीकापुर नगरपालिका,नगर कार्यपालिकाको कार्यालयलाई प्राप्त २० लाख बजेट मध्येबाट रु १५,००,०००।०० बजेट टीकापुर नगरपमलिका वडा नं. २

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

स्थित सामुदायिक पशुचौपाया (गौशाला) स्थल परिसर क्षेत्रमा घेराबार तथा गौशाला गेटको अगाडीदेखि सानो कुलाको कलभर्ट सम्म जाने पक्की बाटो निर्माण गर्न रकम विनियोजन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.१२ करार कर्मचारीको माशिक तलब भत्ता सम्बन्धमा ।

निर्णय नं.१२ प्रस्ताव नं.१२ माथि छलफल गर्दा यस नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M), २०८१ आ.व.०८१/०८२ मा स्वीकृत संगठन संचरना र दरबन्दि तेरिजमा रहेका पदमा कार्यरत कर्मचारीहरुको पद र तह अनुसारको तलब भत्ता समान नभएकोले तलबमान अनुसार भएका कर्मचारीहरुको पद र तह अनुसार तलबमानमा एक रुपता कायम गरि तह अनुसारको तलब भत्ता पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं.१३ भुक्तानी वाँकी सम्बन्धमा ।

निर्णय नं.१३ प्रस्ताव नं.१३ माथि छलफल गर्दा आ व २०८१।०८२ मा कार्य सम्पन्न भएका तर विविध कारणले भुक्तानी हुन नसकेका तथा चेक साटन बाकि रहेका आयोजना तथा कार्यक्रम (विभिन्न फर्म, कम्पनी, संस्था आदिलाई भुक्तानी गर्न बाँकि) को रु.५८,५०,०००।- (अक्षेरुपी अन्ठाउन्न लाख पचास हजार मात्र) रकम म.ले.प फाराम २२१ मा उल्लेख भए बमोजिम अल्या बजेटबाट चालु आ.व. २०८२।०८३ मा भुक्तानी तथा फिर्ता गर्ने निर्णय गरियो ।

प्रस्ताब नं.१४ घर निर्माण सम्पन्नको म्याद थप सम्बन्धम ।

निर्णय नं.१४ प्रस्ताब नं.१४ माथी छलफल गर्दा घर निर्माण सम्पन्नको प्रमाण पत्र लिन छुट भएका घर धनिहरुले आगामी २०८३ असार मसान्त सम्ममा घर निर्माण सम्पन्नको प्रमाण माग गरेमा उपलब्ध गराउने निर्णय गरियो ।

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत